जानकारी पत्र

# Reintegrate ERC: Nepal

डा. केटी कुस्माइन्डर, प्रमुख अन्वेषक
रोजिका महर्जन, पीएचडी अनुसन्धानकर्ता

पुन:एकीकरण सम्बन्धिको यो पाँच वर्षिय (२०२१- २०२६) अध्ययन परियोजनाको उदेश्य पुन: एकिकरण प्रक्रियाको सन्चालन र विदेशबाट फर्किएकाहरुको अनुभवलाई पुन:एकीकरण सुशासनले कसरी प्रभाव पार्दछ भनेर बुझ्नु रहेकोछ। यस अध्ययन नेपाल लगायत फिलिपिन्स, सर्बिया र नाइजेरियामा भइरहेको छ। यो अध्ययन नेपालमा सेस्लम, सोसल साइन्स बहा: को साझेदारी र सहयोगमा हुदैछ। अधिकांश विदेश गएकाहरुलाई सिमित समय भन्दा बढी बस्न अधिकार नभएकोले विभिन्न कार्यक्रम र नीतिहरु मार्फत फर्कन्छन्। फर्किने प्रक्रिया स्वेच्छा र बाध्यकारी दुवै तरिकाबाट हुन सक्छ | विदेशबाट फर्किएपछि विभिन्न देशहरुको पुन: एकीकरण प्रक्रियाको बारेमा र फर्किएर आएकाहरुले आफ्नो फिर्ती प्रक्रियाबारे कस्तो महसुस गर्छन् बारेमा कम जानकारी छ |

'Reintegrate ERC: Nepal' अध्ययन अनुसन्धान परियोजना विशेष गरी विदेशबाट फर्किएकाहरुको अध्ययनमा केन्द्रित हुनेछ | यस अध्ययनको उद्देश्य विदेशबाट फर्किएकाहरुको सामाजिक अनुभवका साथै पुन: एकीकरण प्रक्रिया उनीहरुको लागि कसरी सन्चालन भईरहेको छ र यसका नतिजाहरुको परिणामको बारेमा बुझ्नु हो | यस अध्ययनमा विदेशबाट फर्किएकाहरुसँग अन्तर्वार्ता गरिनेछ | साथै सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैहसरकारी संस्थाका प्रतिनिधि र विकास साझेदारी संस्थाहरु, नागरिक समाजका अगुवाहरूसँग अन्तर्वार्ता गरिनेछ। अन्तर्वार्ता १ घन्टा भन्दा लामो हुने छैन र अन्तवार्ता उत्तरदाताको विदेशबाट फर्किदाको अनुभव र नेपालमा पुन:एकीकरण प्रक्रियाको सु-शासन सम्बन्धी केन्द्रित हुनेछ | उत्तरदाताको सहभागिता पूर्णतया स्वेच्छिक हुनेछ, र सहभागी भएवापत कुनै प्रकारको प्रत्यक्ष लाभ वा जोखिम हुने छैन | उत्तरदाताको अनुकुलता अनुसार उत्तरदाताहरूको गोपनीयताका साथै व्यक्तिगत पहिचानलाई पनि गोप्य राखिने छ | अन्तर्वार्ताबाट प्राप्त तथ्याङकलाईहरुलाई सुरक्षितसाथ राखिने छ। संकलित तथ्यांक यस अध्ययनमा संलग्न टिम बाहेक अरुको पहुँचमा हुनेछैन| (**उत्तरदाताले आफ्नो उत्तरहरु संस्थागत अथवा आफ्नो पेशागत परिचयको आधारमा प्रस्तुत गर्नको लागि स्पस्ट अनुमति नदिए सम्म उत्तरदाताको परिचयलाई खुलाईने छैन |**) सबै तथ्यांकलाई पासवर्ड द्वारा कम्प्युटरमा सुरक्षित गरेर राखिनेछ।

अन्तर्वार्ताबाट प्राप्त तथ्यांकलाई द्वितीय स्रोतबाट प्राप्त तथ्यांकहरु जस्तै: नीतिहरुको समिक्षा गरेर विश्लेषण तथा संश्लेषण गरिने छ। साथै अध्ययनबाट प्राप्त नजितालाई श्रृंखलाबद्ध रुपमा प्रस्तुत गरिनेछ| यस अध्ययनको नतिजाले पुन: एकिकरण प्रक्रियाको सुशासन र फर्किएकाहरुको अनुभवमा पारेको प्रभावको बारेमा बुझ्न मद्दत गर्नेछ । यस अध्ययनबाट प्राप्त तथ्यांकलाई १० बर्ष सम्म डच रिसर्च स्ट्याण्डर्डमा राखिने छ | अनुसन्धानबाट प्राप्त निष्कर्षहरूले पुन: एकीकरण प्रक्रियाहरू बुझ्न महत्त्वपूर्ण योगदान गर्नेछ। अनुसन्धान नतिजाहरू २०२४ देखि उपलब्ध हुने अपेक्षा गरिएको छ। सवै नतिजाहरु वेबसाइटमा उपलब्ध हुने छ।

यस प्रोजेक्ट सम्बन्धि केहि थप जानकारी चाहिएमा, डा. केटी कुस्माइन्डर लाई k.a.kuschminder@uva.nl र/वा रोजिका महर्जन लाई r.maharjan@uva.nl र/वा सेस्लम, सोसल साइन्स बहा: मा डा. जीबन बानियाँ लाइ फोन नम्बर १-४५७२८०७ मा सम्पर्क गर्न सक्नुहुनेछ।

यो परियोजना युरोपियन कमिसन (Grant Agreement number: 949151)को आर्थिक सहयोगमा संचालित छ | यस परियोजनाको नेतृत्व डा. केटी कुस्माइन्डर ले गर्नुभएको छ भने नेदरल्याण्ड को एम्स्टर्डम विश्वविद्यालको संलग्नता रहेकोछ | | यस परियोजनामा तथ्यांक/ डाटा सुरक्षा बारे थप जानकारीको लागि, कृपया Miek Krol, डाटा संरक्षण अधिकारी-UvA at fg@uva.nl. मा सम्पर्क गर्नुहोस्| त्यस सम्बन्धि थप जानकारी *www.reintegrateerc.com.* पाउन सक्नु हुन्छ |

## कसको संलग्नता हुनेछ?

हामी निम्न मानिसहरूसंग कुरा गर्नेछौं,

- वैदेशिक रोजगारीमा गएका व्यक्तिहरु र उनका परिवार
- कम्तिमा १ बर्ष सम्म बिदेशमा बसेको
- १८ वा सो भन्दा बढी उमेरको

## मैले दिएको जानकारी कसरी र कहाँ राखिन्छ ?

अन्तरवार्ताको क्रममा तपाईले दिनु भएको सम्पूर्ण जानकारीहरुलाई सुरक्षित फाइलहरूमा पासवर्ड राखेर गोप्य राखिनेछ। तपाईले दिनु भएको जानकारीमा तपाईको नाम गोप्य राखिनेछ साथै तपाईको पहिचान खुल्ने कुनै प्रकारको जानकारी राखिनेछैन। तपाईले दिनुभएको जानकारी नेदरल्याण्डको नियम अनुसार १० बर्ष सम्म राखिनेछ ।

## म कसरी सहभागी हुन सक्छु?

यदि तपाई यस अध्ययनमा सहभागी हुन चाहनुहुन्छ भने वा यस सम्बन्धित केहि प्रश्न भए, कृपया हामीलाई सम्पर्क गर्नुहोस। म एम्सटरडम विश्वविद्यालयमा अध्ययनकर्ताको रुपमा काम गर्छु। म नेपालको अध्ययन गरिरहेको छु ।


नाम : रोजिका महर्जन

इमेल : r.maharjan@uva.nl

फोन नम्बर: +९७७ ९८२२७९६०३६


**यहाँ अझ बढी जानकारी पाउनु सक्नु हुन्छ:**

www.reintegrateerc.com


यो परियोजना युरोपेली अनुसन्धान परिषद्
(अनुदान सम्झौता नम्बर ९४८१५१ )
को आर्थिक सहयोगमा संचालित छ।


# REINTEGRATE

# वैदेशिक रोजगारमा गएकाहरुको अनुभव बारेमा अध्ययन



**वैदेशिक रोजगारमा गएकाहरूको अनुभव सम्बन्धिको यो अध्ययनको उद्देश्य बैदेशिक रोजगारीमा गएकाहरुको फरक फरक अनुभव र यी अनुभवहरुलाई हाम्रो देशको नीति तथा कार्यक्रममा कसरी समावेश गरिएको छ भनेर बुझ्नु रहेकोछ।**

विभिन्न गन्तब्य मुलुकमा वैदेशिक रोजगारका लागि गएका व्यक्तिहरुसंग विभिन्न महत्वपूर्ण अनुभवहरु, सीपहरु र शिक्षाहरु छन् जुन देशको लागि बहुमूल्य स्रोत बन्छ। यसबाहेक, उनिहरुले कस्ता चुनौतीहरूको सामना गर्नुपर्‍यो र यी चुनौतीहरु समाधान गर्न कसरी सहयोग र समर्थन गर्न सकिन्छ भनेर बुझ्नु पनि महत्वपूर्ण छ ।

## तपाईको कथा किन महत्वपूर्ण छ ?

वैदेशिक रोजगारमा गएका व्यक्तिहरुसंग वैदेशिक रोजगार जाने र फर्किने प्रक्रियाको बिषयमा विभिन्न फरक अनुभवहरु हुन्छ। तर विभिन्न देशहरुले कसरी सहयोग गरिरहेको छन् र त्यो सहयोगले व्यक्तिहरुलाई सहयोग पुगेको छ कि छैन भन्ने बारेमा थोरै मात्र थाहा छ। हामी तपाईको अनुभव सुन्न चाहन्छौ। के कुरामा तपाईलाई सहयोग भयो या भएन? तपाईको बिचारमा वैदेशिक रोजगारमा जानेहरुका लागि सेवाहरु कसरी सुधार गर्न भन्ने बारे कस्तो सल्लाह सुझाब दिन चाहन हुन्छ?

### तपाईको कथा बारेमा कसरी थाहा हुन्छ त?

हामी तपाईको विदेश जाँदा, त्यहाँ बस्दा र फर्किदाको अनुभव सुन्नेछौ र आफुलाई जिज्ञाशा लागेको केहि कुरामा प्रश्न पनि गर्नेछौ। तपाईलाई यदि कुनै प्रश्नको जवाफ दिन मन नलागेमा नदिन सक्नु हुन्छ।

### तपाईको गोपनीयता कसरी सुनिश्चित गरिनेछ ?

यस अध्ययनमा तपाईको सहभागिता स्वेच्छिक हुनेछ र अन्तरवार्ता सकिएको ३० दिन सम्म आफ्नो सहभागिता कुनै बेला पनि फिर्ता लिन सक्नु हुन्छ। तपाईको परिचय खुल्ने सबै जानकारीहरु गोप्य राखिनेछ।

### लाभ तथा जोखिम

यस अध्ययनमा सहभागी भएवापत प्रत्यक्ष रुपमा कुनै पनि लाभ र जोखिम हुने छैन। अहिलेको अवस्थामा हामी तपाईलाई सहयोग गर्न असमर्थ छौं। हामीले तपाईबाट सिकेको कुराहरुलाई आगामी दिनमा वैदेशिक रोजगारमा जाने र फर्किने व्यक्तिहरुका लागि नीति निर्माण गर्दा सहयोग हुनेछ भनेर आशा गरेका छौं।